सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक

# ज्योती जागरण

Jyoti Jagran Daily

वर्ष: २ | अंक : ११५ | वि.सं. २०७९ मंसिर ०९ गते शुक्रबार | 25, 2022 Friday, NOV | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ


## गुप्ता र यादवले जोगाए एमाले र जसपाको साख





**वीरगञ्ज, ८ मंसिर ।** पर्साको क्षेत्र नम्बर १ मा जनता समाजवादी पार्टी (जसपा) का प्रदीप यादव पुन: दोहोरिएका छन् । २०४६ सालदेखि कोही पनि दोहोरिएर नजितेको यस क्षेत्रमा यादवलाई जनताले फेरी जिताएका छन् । निकटम प्रतिद्वन्दी नेपाली कांग्रेसका बागी उम्मेदवार अजय कुमार द्विवेदीलाई १ हजार ६ सय २० मतान्तरले पराजित गर्दै यादव दोस्रो कार्यकालका लागि निर्वाचित भएका हुन् ।

२२ हजार ५ सय ३७ मत प्राप्त गरेर यादव निर्वाचित हुँदा उनका निकटतम प्रतिद्वन्द्वी द्विवेदीले २० हजार ९ सय १७ मत ल्याएका छन् । त्यस्तै राप्रपाका किरण मान डंगोलले २ हजार ६ सय ५९ मत ल्याएका छन् भने पाँच दलीय गठबन्धनको साझा उम्मेदवार लोसपाका लक्ष्मणलाल कर्णको जमानत जफत भएको छ । कर्णले मात्र १ हजार १ सय १७ मत प्राप्त गरेका छन् ।

यादव यसअघि २०७४ को निर्वाचनमा तत्कालिन सङ्घीय समाजवादी फोरम नेपालबाट निर्वाचित भएका थिए । त्यसबेला उनले नेपाली कांग्रेसका अनिल रुङ्गटालाई ४ हजार ६ सय ५१ मतले पराजित गरेका थिए । रुंगटाले १६ हजार ४ सय ८१ मत ल्याउँदा यादव २१ हजार १ सय ३२ मत ल्याएर निर्वाचित भएका थिए ।

पर्सा २ मा चौरसिया निर्वाचित

पर्साको क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसले जित निकालेको छ । पाँच दलीय सत्ता गठबन्धनबाट उम्मेदवार बनेका नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका अजय कुमार चौरसिया फराकिलो मतान्तरले निर्वाचित भएका हुन् । चौरसियाले २८ हजार ४ सय ५१ मत ल्याएका छन् भने उनका निकटम

*बाँकी अन्तिम पृष्ठमा*

## पाँच दलीय गठबन्धनका दुई नेताको जमानत जफत




**वीरगञ्ज, ७ मंसिर ।** पर्सा जिल्लामा पाँच दलीय गठबन्धनका दुई जना हेभीवेट नेताहरुको जमानत जफत भएको छ । मतगणनाका क्रममा कूल सदर मतको १० प्रतिशत ल्याउन नसक्ने पाँच दलीय गठबन्धनका दुईजना उम्मेदवारहरुको जमानत जफत भएको हो । जमानत जफत हुनेमा पूर्वमन्त्री एवम् पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) का उम्मेदवार लक्ष्मणलाल कर्ण र पर्सा निर्वाचन क्षेत्र नम्बर ४ (ख) मा महिला आयोगकी पूर्वअध्यक्ष एवम् सांसद् शेख चाँदतारा कुमारी रहेका छन् ।पर्सा-१ मा कूल सदर मत ४४ हजार ५२६ मध्ये कर्णले जम्मा १ हजार ११७ मत ल्याएका छन् । उक्त क्षेत्रबाट पूर्ववन तथा वातावरणमन्त्री जसपाका नेता प्रदीप यादव २२ हजार ५३७ मतका साथ दोस्रो पटक निर्वाचित भएका छन् । त्यस्तै पर्सा ४ (ख) मा कूल सदर ३१ हजार ७१७ मध्ये चाँदताराले १ हजार ७६५ प्राप्त गरेकी छन् । उक्त क्षेत्रबाट पनि जसपा नेता सिंगासन साह कलवार १५ हजार ३८५ मत ल्याएर निर्वाचित दोस्रो कार्यकालका लागि निर्वाचित भएका छन् ।

## पर्सामा नेपाली कांग्रेसको कम ब्याक



**वीरगञ्ज, ७ मंसिर ।** पर्सामा नेपाली कांग्रेसले कम ब्याक गरेको छ । २०७४ सालको निर्वाचनमा चारवटै प्रतिनिधि सभामा हारेर ८ मध्ये २ प्रदेश सभामा मात्रै जितेको कांग्रेसले यसपटक २ वटा प्रतिनिधि र ३ प्रदेश सभामा जितेर पूरानो विरासत फर्काएको हो ।

एकताका कांग्रेसको गढ भनेर चिनिने पर्सा जिल्लामा बिचमा कमजोर भएको कांग्रेस फेरी बलियो सावित भएको छ । पर्साको क्षेत्र नम्बर २ र ४ मा भारी मतान्तरका साथ विजयी हुनुका साथै पर्सा क्षेत्र नम्बर २ (क), ३ (ख) र ४ (क) मा पनि जित निकालेर कांग्रेसले कम ब्याक गरेको हो ।

नेपाली कांग्रेसबाटै यहाँको क्षेत्र नम्बर १ बाट २०५८ सालको आम निर्वाचनमा जितेर स्वर्गीय कृष्ण प्रसाद भट्टराई प्रधानमन्त्रीसमेत भए ।

२०६४ सालको पहिलो संविधान सभा निर्वाचनमा पर्साका ३ क्षेत्रमा कांग्रेसले कब्जा गऱ्यो । क्षेत्र नम्बर १ मा मधेशी जनअधिकार

*बाँकी तेश्रो पृष्ठमा*

## मुलुक थप अस्थिर हुने भयो : अध्यक्ष ओली



बिर्तामोड – नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनपछि मुलुकमा थप अस्थिरता पैदा हुने बताएका छन् । निर्वाचनले मुलुकलाई स्थायित्व र स्थिर सरकार बनाउने आशा गरिएपनि त्यसो हुन नसकेको उनको टिप्पणी छ ।


*बाँकी तेश्रो पृष्ठमा*

## द्विवेदीले भने, 'हाम्रो निर्वाचन प्रणालीमा नै सुधार गर्नुपर्छ, बहस सुरु गरौं'

**वीरगञ्ज, ८ मंसिर ।** प्रतिनिधिसभा सदस्यमा पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट पराजित स्वतन्त्र उम्मेदवार अजय द्विवेदीले निर्वाचित भएका प्रदीप यादवलाई बधाई दिएका छन् ।

मतपरिणाम सार्वजनिक भएपछि लगभग १६ सय मतको अन्तरले पराजित भएका द्विवेदीले सामाजिक सञ्जाल मार्फत निर्वाचित प्रदीप यादवलाई बधाई दिएका हुन् ।

सामाजिक सञ्जाल फेसबुकमा द्विवेदीले लेखेका छन्,'मतादेशलाई सादर स्वीकार गर्दै विजयी उम्मेदवार श्री प्रदीप यादव जीलाई हार्दिक बधाई ।'



Ajay Dwivedi
44m ·

आज वी पी लाई स्मरण गर्दै वहाँले भनेको - राजनितीमा गलत प्रवृती हावी भए विद्रोह गर्नु, असल मान्छे बन्नु ;लाई आत्मसात गर्दै स्वतनत्र उम्मेदवारी दिइ जनता माझ जाँदा जुन उत्साह,स्नेह,प्रेम पाएँ त्यसप्रति नतमस्तक छु!
राजनिती मुद्दामा हुने कि मुद्रामा हुने यो प्रश्न उठेको छ? हाम्रो निर्वाचन प्रणालीमा नै सुधार गर्ने कि? बहस शुरु गरौं!
जोखिम मोलेर भएपनि मलाई साथ दिने पार्टीका साथीहरु,फरक फरक विचार, पेशा, व्यवसाय,उमेर समूहका आमजनताले दिएको समर्थन र सहयोगका प्रति सदैव आभारी रहनेछु! निर्वाचनले दिएको मतादेशलाई सादर सवीकार गर्दै विजयी उम्मेदवार श्री प्रदीप यादव जी लाई हार्दिक बधाई !

द्विवेदीले दलिय राजनीतिमा स्वतन्त्र उमेदवार बनेर मतदाताको विचमा जाँदा जनताबाट प्राप्त उत्साह, स्नेह र प्रेम प्रति आफू नतमस्तक बनेको बताउँदै मतदाता प्रति पनि आभार प्रकट गरेका छन् । त्यसकासाथै उनले जोखिम मोलेर आफूलाई सहयोग गर्ने नेपाली कांग्रेसका नेता कार्यकर्ताहरु, फरक फरक विचार पेशा, व्यवसाय र उमेर समूहका आमजनताले दिएको समर्थन र सहयोग प्रति आफू सदैव आभारी रहने बताएका छन् ।

द्विवेदीले सोही पोस्ट मार्फत अबको राजनीति मुद्दामा हुने की मुद्रामा हुने भन्ने प्रश्न गरेका छन् । 'राजनीति मुद्दामा हुने की मुद्रामा हुने यो प्रश्न उठेको छ? हाम्रो निर्वाचन प्रणालीमा नै सुधार गर्ने की?

वहस सुरु गरौं,' द्विवेदीले लेखेका छन् । पछिल्लो समय निर्वाचनको समयमा बढ्दै गएको पैसाको चलखेल र अनावश्यक खर्च तर्फ इंकित गर्दै द्विवेदीले यस्तो लेखेका छन् ।

नेपाली कांग्रेसका संस्थापक स्वर्गीय विपि कोइरालाले राजनीतिमा गलत प्रवृति हावी हुँदा विद्रोह गर्नु, असल मान्छे बन्नु भन्ने सिकाएको विचारलाई स्मरण गर्दै आफूले स्वतन्त्र उम्मेदवारी दिएको उनको भनाई छ ।

तिन पटक नेपाली कांग्रेस पर्साको जिल्ला सभापति रहेका द्विवेदीको टिकट गठबन्धनका कारण खोसीएपछि

*बाँकी अन्तिम पृष्ठमा*




**ज्योती जागरण**

दैनिकको लागि

प्रकाशक

**ज्योती मिश्रा** (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# मधेशको मिजास

**चन्द्रकिशोर**

निर्वाचनको प्रतिस्पर्धामा क्षेत्रविशेषबाट कसैले जित्नु वा हार्नुलाई सामान्य प्रक्रिया मात्र मान्न सकिँदैन। त्यहाँबाट जितेका वा हारेका पात्र, पार्टी र त्यस क्षेत्रको पृष्ठभूमिले पनि अर्थ दिन थाल्छन्।

उसो त कुनै निश्चित निर्वाचन क्षेत्रको मत परिणाममा स्थानीय जनसांख्यिक बनोट, सामाजिक संरचना, संकथनहरूको उत्पत्ति, उदीयमान प्रश्नहरूको जवाफ खोजी, प्रतिस्पर्धारत पात्रको भूमिका, सहभागी पार्टीबारेको आम बुझाइ, नयाँ प्रतिस्पर्धी पात्रको तयारी, चुनावी राजनीतिमा आउँदै गरेको बदलाव र त्यसको व्यवस्थापनजस्ता बहुपक्षले असर पुऱ्याइरहेका हुन्छन्। मधेश दुई प्रकारको छ यतिखेर। एउटा प्रदेशले ओगटेको मधेश, अर्को पारम्परिक रूपमा चिनिएको नेपालको दक्षिणी समतल भूगोल। राष्ट्रिय राजनीतिलाई मधेशबाट अलग राखेर हेर्न सकिँदैन, मधेशलाई पनि राष्ट्रिय राजनीतिभन्दा पृथक् राखेर हेर्न सकिँदैन।

जनमत पार्टीका सीके (चन्द्रकान्त) राउतको उदयभन्दा उपेन्द्र यादवको पराजयमाथि काठमाडौंको रुचि बढी छचल्किएको छ। यहाँ एउटा कुरा भन्नैपर्छ। उपेन्द्रले मधेशका केलाउँदै नकेलाइएका अनेकौं समस्यातर्फ पहिलो पटक दृष्टि पुऱ्याए। मधेश राजनीतिमा योगदानका लागि उनलाई जस दिन कन्जुस्याइँ गर्नु पर्दैन। कुनै आन्दोलनसँग जोडिएको नेताको जित-हार हुँदैमा त्यससम्बद्ध एजेण्डाहरूको मरण हुँदैन। हो, कुनै पनि नेता र नाराको निश्चित कालावधि हुन्छ।

सधैं त्यसको खपत गर्ने कोसिस गर्दा पनि त्यो खोटो सिक्का भैहाल्छ। संविधानसभा-१ बाट उदाएका मधेशी शक्तिहरू दोस्रोमा क्षयीकरणमा परे। २०७४ सालको निर्वाचनमा फेरि प्रभावशाली हैसियत आर्जन गरे। मधेश-आश्रित दलहरूको निर्माण, विभाजन र विघटनको आफ्नै नालीबेली छ।

सीकेको संसदीय राजनीतिको थालनीप्रति समेत सार्वजनिक वृत्तले नजर राखिरहनुपर्छ।

विक्रम संवत् २००७ सालदेखि नै हेर्ने हो भने, त्यसपछि, २०४६ सालको परिवर्तन तथा २०६२/६३ सालको जनआन्दोलनपश्चात् पनि मधेशकेन्द्रित दलहरू अस्तित्वमा आइरहे। आवश्यकताका कारण नव उभारका साथ नयाँ नेतृत्व र दलहरू प्रकट भइरहे। निर्वाचन होस् वा आन्दोलन, त्यसले के दियो भन्ने हेरिन्छ।

यस पटकको निर्वाचनले मधेशको यथास्थितिवादी राजनीतिमा झिनो भए पनि हस्तक्षेप गरेको छ। पोखरीको पानीजस्तै जमिरहेको राजनीति थोरै भए पनि तरंगित भएको छ। स्वतन्त्र पार्टीको घण्टीको नाद खूब गुन्जिएको छ काठमाडौंको सत्ता प्रतिष्ठानमा।

तर नागरिक उन्मुक्ति पार्टीको 'ढकिया' थारू समाजको कत्ति बह लिएर सुदूरबाट काठमाडौं छिर्नेछ वा जनमत पार्टीको 'हर्न' बाट संघीय संसद्मा के प्रतिध्वनित हुनेछ, त्यसको लेखाजोखा भएको छैन।

बरु काठमाडौं उपेन्द्र-महन्थ कमजोर देखिएकामा अति प्रसन्न छ। मधेश राजनीतिमा बीज जसले छरे पनि फसल कसले काट्छ, त्यो अहिले नै कसले भन्न सक्छ र ? तर चिच्याई-चिच्याई के भन्न सकिन्छ भने- उपेन्द्र-महन्थले उठान गरेको राजनीतिको मृत्युलेख लेख्ने समय होइन यो। पूर्वको कोसी र पश्चिमको कर्णाली छेउछाउबाट उठेको पदचाप चिन्ने बेला हो। यसलाई गहिरोसँग नबुझीकन मधेशमा बदलिँदै गरेको मानसबारे ठोस बुझाइ बनाउन सकिँदैन।

नेपाल तराई कांग्रेस, नेपाल सद्भावना पार्टी हुँदै अहिले मधेश राजनीतिमा बहुदलीयता आएको छ। मधेश राजनीतिमा नयाँ नेतृत्व र दलहरूको उदय र सहभागिता नभए मधेशको पार्थक्यबोध, बिरानोपन र अलगाव झन् टड्कारो हुने पक्का छ। मधेश नेपाली राष्ट्रियता र लोकतन्त्रको रक्षाकवच हो। एकातिर रवि लामिछाने वा बालेन शाहले जसरी प्रदेश संरचनाप्रति अरुचि देखाएका छन्, यता मधेशका रेशम चौधरी र सीके राउतले प्रादेशिक अभ्यासप्रति भरोसा देखाएका छन्। रवि वा बालेनको संघीयताप्रतिको निरपेक्षता बढेको खण्डमा यिनीहरू वर्तमान संविधानका दृष्टिले दुर्योधनको तिघ्रा वा रावणको नाइटो बनेर रहनेछन्। नेपालका वर्तमान राजनीतिक पर्यवेक्षकहरूले यो कुरा बुझेका छैनन्।

अहिले निर्वाचन परिणाम आउने क्रमसँगै 'नयाँ मधेश' को बहस सुनिन थालेको छ। २०६३ सालको मधेश आन्दोलनसँगै उदाएको राजनीतिको एउटा युग समाप्त भयो भनिँदै छ। संघीय संस्थापनसँग संविधान संशोधनका लागि जुझ्न पनि नसक्ने र आफूले प्राप्त गरेको मधेश प्रदेशको सञ्चालन पनि ठीकसँग गर्न नसक्ने राजनीतिक शक्तिहरू नेपथ्यमा धकेलिएका छन्। मधेश आन्दोलनसँग जोडिएका दलहरूले लोकप्रियता गुमाएका छन्। सिंहदरबारको सत्ता समीकरणका लागि आवश्यक तत्त्व बन्ने गरेका मधेशी शक्तिहरूको रवाफ खस्किएको छ। एउटा रिक्तता त छ, त्यसलाई कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा विचार-विमर्श सुरु गर्ने बेला भइसकेको छ।

विगतमा जुनजुन शक्तिलाई दमनकारी भनेर चिनाइयो, आज तिनै शक्तिहरू मधेश प्रदेशमा मतादेश पाएर बलिया भएका छन्। यिनकै सकारात्मक पहलबिना मधेशमा शान्ति र स्थिरता सम्भव छैन। कुनै एउटा चुनावका कारण मधेश संघर्षको इतिहासमा विरामचिह्न लाग्दैन।

मुख्य रूपमा नेपाली कांग्रेस, एमाले र माओवादीले मधेशमा चुनावी विजयभन्दा भुइँ यथार्थ बुझ्ने सोच अघि सारे मौजुदा गतिरोध र अनिश्चय समाप्त हुने थियो। तर अहिले त्यो होलाजस्तो छैन र त्यस्तो नभएको खण्डमा अहिलेको राजनीतिक भकुन्डो खेल्ने पालो घण्टी बजाउनेहरूले पाउनेछन्।

शेक्सपियर लिखित अंग्रेजी नाटक 'जुलियस सिजर' मा एउटा चर्चित संवाद छ- म आएँ, हेरें र विजय प्राप्त गरें। चुनावी राजनीति कतिपयका लागि यस्तै भएको छ। तिनका शब्दहरू कर्णप्रिय छन्, पोशाक आकर्षक छ, प्रचारशैली प्रविधियुक्त छ, तिनले नयाँ पुस्तालाई सम्मोहित गरेका छन् तर लोकतन्त्र, गणतन्त्र, संघीयता र समावेशीकरणबारे तिनका मनसाय अमूर्त छन्। संघीय लोकतान्त्रिक गणतन्त्र समाजको राजनीतिक चेतनाको अभिन्न अंग बनेको छ। यो चुनावले यसलाई थप फराकिलो र लोकप्रिय बनाउँदै लाने काम

गऱ्यो कि गरेन ? कोही यस्ता पनि चुनिएर आएका छन् जसले संघीयताका विरोधमा विषवमन गरेका छन्। देश जोड्ने मतदानमा पटकपटक सहभागी भएर पनि अगाडि के हुने हो प्रश्न मधेशी मानसमा अझै छ नै।

क्षेत्रीय दलहरूको उत्थान-पतनको आफ्नै व्याकरण हुन्छ। छिमेकी भारतमा क्षेत्रीय दलहरूको आफ्नै सान्दर्भिकता छ। नेपालमा मधेश आन्दोलनसँग जोडिन पुगेका थारूहरूलाई आफूसँगै हिँडाउन नसक्नाले गर्दा नागरिक उन्मुक्ति पार्टी खोल्नुपऱ्यो। टीकापुरमा भाषण गर्न जानेहरू कोको थिए ? जब टीकापुर जाग्यो र राज्यले प्रतिशोध लियो, त्यसबारे बोल्ने कोको भए ? आन्दोलनको उत्तराधिकार लिने तर आन्दोलनका सहउत्पादनका रूपमा देखिएका चुनौतीहरूबाट भाग्ने नेतृत्वको पतन अवश्यम्भावी हुन्छ। पहिलो कुरा, संविधानसँग असहमतिको

**बाँकी तेश्रो पृष्ठमा**

# समानुपातिक प्रणालीको गणितीय सूत्र र प्रयोग

**शान्ता मरासिनी**

निर्वाचन आयोग प्रतिनिधिसभा तथा प्रदेशसभाको मत परिणाम छिटोभन्दा छिटो घोषणा गर्न आतुर छ। मतगणनास्थलमा उम्मेदवारहरू तथा देशभरिका मतदाता नतिजाको प्रतीक्षामा छन्। यो निर्वाचनमा प्रतिनिधिसभातर्फ विभिन्न राजनीतिक दलका र स्वतन्त्र गरी २ हजार ४ सय १२ तथा प्रदेशसभाका लागि ३ हजार २ सय २४ उम्मेदवार प्रतिस्पर्धामा छन्।

त्यस्तै प्रतिनिधिसभामा समानुपातिकका लागि २ हजार १ सय ९९ र प्रदेशसभातर्फ ३ हजार ७ सय ८ उम्मेदवार प्रतिस्पर्धामा छन्। यो निर्वाचनमा प्रतिनिधिसभाका लागि २७५ र प्रदेशसभाका लागि ५५० सांसद चयन हुनेछन्।

मतदान सम्पन्न भई मत बाकसहरू निर्वाचन अधिकृतको कार्यालयमा आउनेबित्तिकै गणना सुरु गरिन्छ। र, यो प्रक्रिया अत्यन्तै संवेदनशील र जटिल छ। सदर मतलाई दल वा उम्मेदवारको विजयी सिटमा रूपान्तरण गर्न गणितीय सूत्रलाई प्रयोग गरिन्छ, खास गरी समानुपातिक प्रणालीका लागि। निर्वाचन प्रणालीको प्रकार र प्रकृतिका आधारमा सूत्रहरूको निर्क्योल गरिन्छ। यहाँ देशलाई एउटै निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने अर्थात् समानुपातिक प्रणाली अन्तर्गतको मतलाई सिटमा रूपान्तरण गर्ने सूत्रहरूको चर्चा गरिएको छ।

हेयर कोटा विधि

सन् १८५१ मा बेलायती विद्वान् थोमस हेयरले प्रतिपादन गरेको यो सिद्धान्त सर्वप्रथम डेनिस मन्त्री आन्ड्रेले सन् १८५५ मा प्रयोग गरेका थिए। कुनै निर्वाचन क्षेत्रमा खसेको मतमध्ये कुल सदर मतलाई पूर्ति गरिनुपर्ने स्थान (सिट संख्या) ले भाग गरिन्छ। यसले शेष विधि बढीभन्दा बढी प्रयोग गर्छ।

ड्रुप कोटा विधि

सन् १८६८ मा गणितज्ञ तथा कानुनविद् हेनरी आर ड्रुपले विकास गरेका हुन्। यो समानुपातिक प्रणालीमा प्रयोग गरिने फरक खालको कोटा विधि हो, जसले पनि अधिक शेष विधि नै प्रयोग गर्छ। कुल सदर मतलाई पूर्ति गर्नुपर्ने सिट संख्याले भाग गरी थप एकको हिसाबमा सिट निर्धारण गरिन्छ। यो सूत्र प्राथमिकीकरण भोटिङमा बढी प्रयोग हुन्छ– मत संख्या / (निर्वाचित हुने सिट + १) + १

इम्पेरियाली कोटा विधि

कुल सदर मतलाई निर्वाचन क्षेत्रमा पूर्ति गर्नुपर्ने स्थानले भाग गरी थप दुईको हिसाबमा परिभाषित समानुपातिक प्रणालीमा प्रयोग गरिने फरक कोटा विधि हो यो, जसले अधिक शेष विधि नै प्रयोग गर्छ– सदर मत संख्या / (निर्वाचित हुने सिट + २)

उच्च औसत विधि

उच्च औसत विधिले सूचीमा आधारित समानुपातिक प्रणालीमा मतलाई सिटमा रूपान्तरण गर्छ। एक निर्वाचन क्षेत्रमा कुल सदर मतको सबैभन्दा बढी मत ल्याउने दल वा समूहलाई एक स्थान छुट्ट्याई दलले जितेको सुरुको मत विभाजन गरेर घटाइन्छ। विभाजकहरूको प्रयोग गरी स्थान बाँडफाँट गर्ने सबैभन्दा सामान्य विभाजक डी हरेन्ट सेन्ट लगको सूत्र हो। यसमा दल वा समूहले पाएको सदर मतलाई १.४, २, ३, ४... गरेर क्रमशः भाग गरी स्थानमा बाँडफाँट गरिन्छ।

यसै गरी सेन्ट लगको सूत्रमा दल वा समूहले पाएको मतलाई क्रमशः १.४, ३, ५, ७... ले भाग गरेर विभाजन गरी स्थानमा बाँडफाँट गरिन्छ। मत परिणाम विभाजक सूत्र अनुसार प्रत्येक दलले पाएको सदर मतलाई शृंखलाबद्ध रूपमा भाग गरिन्छ। यसरी निस्कने नतिजालाई भागफल भनिन्छ। सिट संख्याहरूलाई ठूलो भागफलबाट सानोमा नसकिँदासम्म बाँडफाँट गरिरहिन्छ।

उदाहरणका लागि, तेह्र सिट पाँचवटा राजनीतिक दललाई भाग लगाउनुपरेमा तिनले पाएको मत परिणामका आधारमा तालिकामा देखाए बमोजिम बाँडफाँट गर्नुपर्नेछ। नेपालमा संविधानसभा सदस्य निर्वाचनमा समानुपातिक प्रणालीतर्फ सेन्ट लग सूत्र प्रयोग गरिएको थियो। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७४ को समानुपातिक निर्वाचनतर्फका विजयी सिटहरूको निर्धारण पनि यसै विधिबाट गरिएको देखिन्छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका-२०७९ मा व्यवस्था गरिएको मत परिणाम विभाजक सूत्र अनुसार प्रत्येक दलका लागि खसेको मतलाई शृङ्खलाबद्ध रूपमा भाग गरिनेछ। यस अनुसार प्रत्येक दलले पाएको मत परिणामलाई धेरै भाजकहरूले भाग गरिन्छ; उदाहरणका लागि १, ३, ५, ७, ९ आदि। यसबाट प्राप्त हुने नतिजालाई दलको भागफल (क्योसेन्ट) भनिन्छ। भागफल पाएपछि सिट सङ्ख्याहरू ठूलो भागफलबाट सानोमा नसकिँदासम्म बाँडफाँट गरिनेछ। यसो गर्दा कुनै दलले जतिसुकै मत पाएको भए पनि, सूचीमा सूचीकृत गरेको उम्मेदवार सङ्ख्यामा सीमित रही पाउने सिट बाँडफाँट गरिन्छ। यसमा कानुन बमोजिमको कोटा कडाइका साथ लागू गरिन्छ।

सिट बाँडफाँटको कानुनी व्यवस्था

सबै निर्वाचन क्षेत्रबाट समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणना भएपछि निर्वाचन अधिकृतले सदर

**बाँकी तेश्रो पृष्ठमा**

# दार्जिलिङको आँखाबाट नेपाल

**हर्कबहादुर छेत्री**

नेपालको चुनावसित दार्जिलिङलाई कुनै वास्ता भएको या त दार्जलिङे आम जनताले चासो राखेको मलाई थाहा छैन। कम-से-कम अघिका चुनावहरूबारे यो कुरा निर्धक्कसित भन्न सकिन्छ। सन् १९८६ अघि राजनीतिमा दार्जिलिङ-कालेबुङका आम मानिसको चासो थिएन।

सायद चासोभन्दा चेतना नै थिएन भन्नु उचित होला। सन् १९८६ पछि आएको राजनीतिक चेतनाबारे पनि लामै तर्क गर्न सकिन्छ। सन् १९८६ अघि राजनीतिमा जाति महत्त्वपूर्ण थिएन। सन् १९८६ पछि जातिबाहेक अर्को कुनै कुरा पनि राजनीतिको चासोको विषय भएर उभिन सकेन।

यही समयदेखि दार्जिलिङले नेपाललाई एउटा राजनीतिक शत्रुका रूपमा हेर्न सुरु गऱ्यो। भारतमा नेपालीहरूको दमन र शोषणको कारक बनेको नेपालको कमजोर राजनीति अनि सन् १९५० को भारतसितको मैत्री सन्धिलाई कोस्याउन थाल्यो। यस्तो परिवेशको सबैभन्दा धेर सिकार आदिकवि भानुभक्त भए जब विभिन्न ठाउँमा तिनको मूर्ति तोडियो।

नेपाल शक्तिशाली अनि समृद्ध भएको मन नपराउने कुनचैं नेपाली होला र ! सिक्किम, दार्जिलिङ, आसाम, डुवर्स अनि देहरादूनतिर नेपालीहरू जति नै बलियो भए पनि नेपाली स्वाभिमानका निम्ति नेपाल नै दह्रिलो हुनुपर्छ।

सामाजिक सञ्जालले पिटेको यो समय अर्को महत्त्वपूर्ण कारण हुन सक्छ जसले गर्दा नेपालका घटनाहरू संसारका घटनाहरूझैं स्वतः सञ्जालमा देखिन थालेपछि बिस्तारै चासो लाग्न सुरु भयो। हर्क साम्पाङ र बालेन शाहहरू चर्चाको विषय भए। काठमाडौंलाई सफा र खुला बनाउन बालेनको डोजर चल्न थालेपछि 'नेता त त्यस्तो होस् न' भनेको कालेबुङ-दार्जिलिङतिर पनि सुनिन थाल्यो। पछिबाट तिनै नामहरूमा रवि लामिछाने र सागर ढकालहरू जोडिन पुगे। विदेशतिर पढेर उच्च शिक्षा हासिल गरी नेपाल फर्केकाहरू चाकरीको पछि लाग्नुको साटो देश बनाउने उद्देश्यले राजनीतिमा ओर्लेको देख्दा यतातिर पनि आम मानिसमा जाँगर पलाउनु स्वाभाविक थियो।

केही वर्षअघि इराकमा अमेरिकी कम्पनीमा काम गर्न गएका नेपाली श्रमिकहरूलाई विद्रोहीहरूले पक्रेर जमिनमा सुताई गोली हानी मारेको बीभत्स दृश्य देखेर हामी मर्माहत भएका थियौं। बिचरा, अनपढ नेपाली श्रमिकलाई अन्तर्राष्ट्रिय राजनीति र धार्मिक कट्टरपन्थी परिवेशको के जानकारी थियो होला र !

रोजगार कमाउन गएकाहरूले ज्यान गुमाउनुपरेको त्यो दृश्यले धेरै दिन हाम्रो पनि मन अमिलो भएको थियो। त्यो दृश्य भाइरल भएपछि मानिसहरूले चर्चा गरेको सुनियो, 'इराकमा एउटा अमेरिकी या त युरोपियन नागरिक मारियोस् त, उनीहरूको देशले फौज पठाउँछ आक्रमण गर्नुलाई। तर जाबो एउटा अमेरिकन टिसर्ट लाएको दोषमा कसरी निर्दयतापूर्वक माऱ्यो नेपाली नागरिकलाई ! गऱ्यो क्यै नेपालले ? विरोधसम्म जनाउने आँट गरेन। गरिब देशको कमजोर कूटनीतिको सिकार भए बिचरा श्रमिकहरू ! कसैले त पत्याउँदैन नेपाललाई !'

'इन्डियामै पनि काँ पत्याउँछ र हामीलाई ! पत्याउने भए सानो-सानो मागका निम्ति त्यत्रो आन्दोलन गर्दा पनि खोइ त दिएको ?' यस प्रकारका गुनासाहरू प्रायै सुनिन्थे।

सायद त्यसैले गर्दा होला, भारतीय नेपालीहरूले स्वयंलाई नेपालदेखि अलग देखाउने प्रयासमा गोर्खाल्यान्डको आन्दोलन गरे जो अझै जारी छ। सुवास घिसिङको आन्दोलनको मूल विचार यही थियो, 'हामी नेपाली होइन तर गोर्खा हौं। आफैंलाई नेपाली भन्नसाथ हामी नेपालसित जोडिन पुग्छौं। यो शब्दले भाषा होइन तर नागरिकता बोक्छ। जबसम्म नेपालसित सबै सम्बन्ध तोडिँदैन तबसम्म भारतले हामीलाई शंकाको नजरले हेर्न छोड्दैन।'

यही धारणालाई मूल मन्त्र बनाएर जाति गोर्खा, भाषा गोर्खा भन्ने प्रचार गरियो। रामकृष्ण शर्माजस्ता चिन्तक अनि कलकत्ता उच्च न्यायालयका न्यायाधीशको ओहोदामा बसेका व्यक्तिले सन् १९५० को सन्धि कुनै हालतमा पनि भारतीय गोर्खाहरूको पक्षमा छैन भन्ने लेखे।

सन् १९५० को सन्धिको कारण भारतमा नेपाली अनुहार नै नेपालीको ठेगाना अनि परिचयपत्रजस्तो शंकास्पद विषय भयो। दार्जिलिङमा हुने परिचयको प्रत्येक आन्दोलनलाई दिल्लीले सन् १९५० को धमिलो चस्माले हेर्ने काम गऱ्यो जो अझै पनि परिवर्तन भएको छैन।

अमेरिका र युरोपमा चुनाव हुँदा दार्जिलिङले निक्कै चासो लिएर हेर्छ, चर्चा गर्छ। नेपालमा चुनावको कुनै चर्चा यो पासपोर्ट र भिसा नलाग्ने बोर्डरबाट त्यसरी छिर्दैन, जसरी धुलाबारीबाट विदेशी जिन्स, कम्बल, ज्याकेट र फ्लासहरू छिर्छन्।

कालेबुङ-दार्जिलिङबाट प्रकाशित हुने पत्रपत्रिकामा संसारका खबरहरू छापिँदा नेपालको चुनावको कतै उल्लेख देखिँदैन। ओबामा, ट्रम्प र बाइडेनदेखि थ्याचर, मेजर र जोन्सनहरू लोकप्रिय हुँदा अधिकारी, देउवा र कोइरालाहरू चर्चामा आउँदैनन्।

माओवादी आन्दोलनको समय प्रचण्ड चर्चामा थिए। 'नेपालीले पनि भूमिगत आन्दोलन गर्न सक्दो रहेछ त' भन्ने सोचेर एक थरी आन्दोलनकारीहरू उत्साहित थिए। सायद भारतको ठूलदाइजस्तो हेप्ने बानीमा केही लगाम लगाउन प्रचण्ड सफल भएयता भारतीय नेपालीहरूको पनि केही इज्जत बढ्ने थियो भन्ने धारणा पनि कतैकतै थियो कि भन्ने

**बाँकी तेश्रो पृष्ठमा**

## दार्जिलिङको...

लाग्छ ।

दार्जिलिङबाट प्रकाशित हुने सञ्चारमाध्यममा नेपालको चुनावको चर्चा गर्नलाई अर्को पनि अप्ठ्यारो छ । कतै हाम्रो नागरिकतामाथि शंका गर्ने अफ्र दह्रिलो हतियार त हामी सरकारको हातमा थमाउँदैनौं ? प्रशान्त तामाङ तेस्रो इन्डियन आइडलको प्रतिस्पर्धामा हुँदा दार्जिलिङमा आयोजित तिनको कार्यक्रममा सहभागिता जनाउन नेपालबाट पनि दर्शकहरू आएका थिए । नेपालको राष्ट्रिय ध्वजा चौरस्तामा लहराइएको थियो । भारतीय मिडियाहरूले त्यसको सक्दो दुष्प्रचार गरे । ग्रेटर नेपालको काल्पनिक आन्दोलनसित लगेर जोडे त्यो विशुद्ध सांगीतिक कार्यक्रमलाई । त्यसै त घिसिङको आन्दोलनको समय भारतका रक्षा विशेषज्ञ भरत बर्माले गोर्खाल्यान्डको आन्दोलनमा नेपाल र चीनको हात भएको रिपोर्ट लेखेका थिए, नेपाली चुनावमा चासो देखाउँदा परिस्थिति कति जटिल बन्न सक्छ भन्ने कुरा आम जनतालाई पनि स्पष्ट छ ! यस्तो पूर्वाग्रहयुक्त अनि वैमनस्यतापूर्ण मानसिकता भएका व्यक्तिहरू देशको महत्त्वपूर्ण ओहोदामा बसेकै कारण भारतीय गोर्खाहरूले आफ्नो राजनीतिक आन्दोलनलाई होसियारीसित जोगाएर अघि बढ्नुपर्ने आवश्यकता हुन्छ । परिस्थितिलाई बुझ्रेर आवश्यकता अनुरूपको रणनीति बनाउन सक्ने नेतृत्वको दार्जिलिङमा अझै कमी छँदै छ ।

भर्खरै बेलायतमा ऋषि सुनक प्रधानमन्त्री हुँदा दिल्लीमा कस्तो चहल-पहल देखिन्थ्यो ! 'अब बेलायत भारतको अधीनमा आयो' भन्ने प्रकारको वातावरण थियो दिल्लीमा । २०० वर्षको उपनिवेशको बदला लियो भन्ने प्रकारको सन्तुष्टि थियो । थोरैले मात्र यो सोचे होला कि त्यो त उनीहरूको स्वस्थ र सबल प्रशासनिक व्यवस्थाका कारण सम्भव भएको थियो जहाँ निर्वाचनमा जाति होइन, व्यक्तिको योग्यता नै आधार थियो । तर परिणामलाई लिएर चर्चा गर्ने अनि पद्धतिलाई नजरअन्दाज गर्ने हाम्रो प्रवृत्ति छ । यस्तो परिस्थितिमा सोसियल मिडियाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । भारतमा अहिलेजस्तो सरकार छ, मिडिया पनि त्यस्तै छ । एउटै पनि सञ्चारमाध्यम भरोसायोग्य छैन । सरकारसित नजिकको सम्बन्ध भएका उद्योगपतिहरू प्रायै इलेक्ट्रोनिक अनि प्रिन्ट मिडियाका मालिक छन् । यदि सोसियल मिडिया नहुँदो हो त भारतको प्रजातन्त्रको आजसम्म अन्त भइसकेको हुने थियो । त्यही सोसियल मिडियामार्फत हामी भारतमा बसेका गोर्खाहरू, अनि विशेष रूपले कालेबुङ-दार्जिलिङकाहरू नेपालको चुनावको खबर अनि त्यहाँका जनताको आशा, आकांक्षा र उत्साह हेर्न पाइरहेका छौं ।

यति बेला हामीले भारतमा बसेर उत्सुकतासित पढिरहेका नामहरू हुन्– साम्पाङ, शाह, लामिछाने र ढकालहरू नै । कताकता नेपाल बुढ्यौलीदेखि तन्देरीमा फ्रेरेको अनुभव हुँदै छ । युवाहरूको आक्रोशित तर्क सुन्दा आशा लाग्नु स्वाभाविक हो । सबैतिर, जहाँ पनि परिवर्तनका निम्ति आन्दोलन भएको छ, त्यहाँ शिक्षित र निर्भीक युवाहरू नै परिवर्तनको मूल हतियार भएका छन् । युवाहरू त यता दार्जिलिङमा पनि प्रशस्तै थिए तर अर्ध र अल्पशिक्षितहरू बहुमतमा भएका कारण परिवर्तनको आन्दोलनले सही दिशा लिन सकेन । मलाई तर फेसबुकमा देखिएका, नेपाली चुनावमा प्रतिस्पर्धा गरिरहेका शिक्षित युवाहरूको तर्क सुन्दा आम आदमी पार्टीका सुरुआती दिनहरूको याद आयो । त्यसताका दिल्लीमा भारतभरिका शिक्षित युवाहरू भेला भएका थिए । कवि, लेखक अनि चिन्तकहरू एकत्रित थिए । देशले स्वच्छ, पारदर्शी अनि इमानदार राजनीतिको सपना देखाएको थियो । आज ठीक त्यस्तै परिवेश नेपालमा हामी साम्पाङको जाँगर अनि शाहको आँटमा देखिरहेका छौं । लामिछाने र ढकालमा त्यही जोस देखिरहेछौं । नेपालको चुनाव जति नै अर्को देशको भनेर नकारे पनि जातीय स्वाभिमान र आत्मसम्मानको कुरा शक्तिशाली नेपाल राष्ट्रद्वारा मात्र विश्वभरिका नेपालीहरूका निम्ति सम्भव छ भन्ने हामी बुझ्छौं किनकि संसारमा जतैका पनि नेपालीलाई बाँकी संसारले नेपालसित जोडेरै हेर्छ । नेपाल हाम्रो सांस्कृतिक राजधानी भएको कुरा कसैले नकार्न सक्दैन ।

अब आऔं राजनीतिक यथार्थको कुरामा । अहिले देखिएका उत्साह र आक्रोशहरू परिवर्तनका निम्ति यथेष्ट छैनन् भन्ने कुरा दार्जिलिङमा हामीले भोगेका दुईवटा आन्दोलनले स्पष्ट पारिसकेका छन् । राष्ट्रव्यापी संगठन अनि राष्ट्रव्यापी कार्यक्रमसितै एउटा बलियो दलीय संविधान अनि त्यस्तो अक्षरशः पालनाको अभावमा जनसमर्थनको बाढीबाट विकासको ऊर्जाको साटो विनाशको बाढी मात्र सम्भव हुन्छ । दल अनुशासित नभए समर्थन खेरो जान्छ । नेतृत्वलाई जतिसुकै बलियो जनसमर्थन होस् तर नेतृत्वसित नीतिगत दर्शनको अभाव भए त्यही समर्थनले भ्रष्टाचारलाई निम्तो दिन्छ । सुवास घिसिङ र विमल गुरुङका आन्दोलनहरूमा हामीले भोगिसकेका छौं यी कुराहरू । त्यही नीति र दर्शनको कमजोरीका कारण आम आदमी पार्टीबाट कुमार विश्वास र योगेन्द्र यादवहरू बाहिरिए । साम्पाङ र शाहहरूले यसबाट पाठ लिनु जरुरी छ ।

सन् १९८६ मा दार्जिलिङको राजनीतिक मानचित्रमा घिसिङ देखा पर्दा आम जनताको उत्साह चरममा थियो । सिकार मर्ने प्रबल सम्भावना देखएपछि ब्वाँसोहरू हूल बाँधेर दलमा पस्छन् । आन्दोलनको आडमा त्यही व्यक्ति स्वार्थी अनि जनविरोधी क्रियाकलापमा लिप्त हुन्छ । यसो हुँदा दलको छवि बिस्तारै धूमिल हुँदै जान्छ । आम मानिसमा सुरुमा देखिएको दलप्रतिको आस्था खस्किँदै जान्छ । यस्ता तत्त्वहरूदेखि नेतृत्व सतर्क रहनुपर्‍यो । आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरूलाई दलमा प्रवेश दिनु भएन ।

केही दिनअघि मैले सामाजिक सञ्जालमा मदनकृष्ण श्रेष्ठ अनि हरिवंश आचार्य पनि यो नयाँ क्रान्तिमा जोडिएको देखें । अर्थात्, हामीले झैं नेपालभित्र बसेर नेपालको भलो सोच्ने सचेत वर्गले पनि अहिलेको परिवेश सम्भावनापूर्ण देखेको छ भन्ने संकेत पाइयो । पुराना नेताहरूमाथि व्यंग्य कसेर बनाइएका गीत र टिकटकहरू पनि प्रचुर मात्रामा देखिँदै छन् । पुराना पार्टी अनि नेताहरूविरुद्ध आम मानिसले पनि आफ्नो आक्रोश सार्वजनिक गरिरहेका छन् ।

'नक्सामा छैन भने बालेनले दरबार पनि तोड्ने अरे !'

'ठीकै हो, नेता भनेको त्यस्तो त हुनपर्‍यो, होइन र ? हाम्रोतिर त नेता भएपछि अपराध गर्ने लाइसेन्स पाएझैं हुन्छ, काँबाट हुन्छ त विकास ?'

'तर मार्छ होला है बिचरालाई यो लुटेर खानु पल्केकाहरूले ?'

'रवि लामिछानेको गाडीमा त ढुंगामुढा गर्‍यो अरे भन्ने सुनिन्छ नि !'

अनि तुरुन्तै वाटस्यापमा देखा परे रवि लामिछाने । हिन्दी सिनेमाको हिरोजस्तै जोस र आक्रोशसित । तिनलाई देख्दा तिनी कताकता मलाई नेपालको नभएर हाम्रै नेताझैं लागे । राम्रोसित जोडिन कसलाई मन पर्दैन र ? यता फुटबलको मैदानमा सुनील छेत्री र भाइचुङ भुटियालाई देख्दा हामी आफैं खेलको मैदानमा पुग्छौं । नब्बे मिनेटका निम्ति उनीहरू नै हाम्रो भारत हुन्छन् । त्यसै कारण त कालेबुङ-दार्जिलिङमा पनि राजनीतिको चर्चा हुने ठाउँमा अचेल हामीलाई पनि हर्क साम्पाङ र बालेन शाहजस्ता नेता चाहिन्छन् भन्ने कुरा हुन्छ ।

कतिचैं फेरि क्रान्तिकारी हुने (मुखैले मात्र भए पनि) सुयोग देखेर नेपालमाथि जाई लाग्छन्, 'होइन, बिल्डिङ भत्काउँदा त भुइँमुनि त खोला पो भेटिएछ ! त्यस्तो मुलुकमा आम जनताको समस्याको कुरा कसले गर्ने ? हाम्रो त मूल थलो नै बिग्रेको कारण पनि हामीले दुःख पाएको हो ।'

यस्तो वर्गकाहरू आफ्नै आँगनमा आफ्नै नेताहरूले गरेको मन परी देख्दैनन् तर नेपालको व्यवस्थालाई दोष्याउनमा भने कसै गरेर पनि पछि पर्दैनन् । धरानमा साम्पाङले पानी ल्याएको दृश्य मैले पनि हेरें । आफैं पाइप राख्ने, कुलो खन्ने अनि पाइप बिछ्याउने काम गरिरहेका साम्पाङलाई देख्दा देवकोटाको कवितापंक्ति याद आयो- 'चुम्दछ ईश्वर काम सुनौला गरिरहेको हात ।'

तिर्खाएका त यता हामी पनि छौं कालेबुङ-दार्जिलिङमा, तर उद्यमी हर्क साम्पाङहरूको अभाव छ ।

तर यी सबै आशा र उत्साहहरूमाझ सतर्क हुनुपर्ने ठाउँहरू पनि प्रशस्तै छन् । सन् १९८६ अनि सन् २००७ मा सुवास घिसिङ र विमल गुरुङलाई हामीले त्यसरी नै हेरेका थियौं जसरी आज नेपालमा बालेन शाह र हर्क साम्पाङलाई हेरिँदै छ । तर जसलाई मानिसले मुक्तिदाता सोचेका थिए, आन्दोलन सकेर व्यवस्थामा बस्नासाथ तिनै मुक्तिदाताहरूको रूप बदलियो । सत्ता सम्हालेको वर्षदिन पनि नपुगी हिरोहरू भिलेन भए । जो व्यक्ति ठाउँमा हुँदैनन्, तीहरू सधैं इमानदार हुन्छन् किनकि बेइमान हुने मौका नै त पाएका हुँदैनन् । 'द टेस्ट अफ द पुडिङ इज इन द इटिङ' भनेझैं सत्ताको आगोमा नपरिन्जेल को इमानदार हो भन्ने थाहा पाइँदैन ।

शिशु अवस्थामा कुनै पनि आन्दोलन कलकलाउँदो अनि रहरलाग्दो हुन्छ । हुर्किँदै गएपछि विकृतिहरू देखा पर्न थाल्छन् । ठीक कुकुर र बिरालोका बच्चाहरूजस्तो । काखमा बोकेर हिँड्ने कुकुरको बच्चा ठूलो भएर रछ्यानतिर डुल्न थालेपछि 'काठा' मा परिणत हुन्छ । नेपालको चुनावमा देखिएका यी कलकलाउँदाहरूलाई हिरोदेखि काठामा परिणत हुनबाट जोगाउने जिम्मा नेपाली नागरिकहरूको हो । तर त्यसमाथि पनि एउटा कुरा याद राख्नुपर्छ ।

अघिल्ला दलहरू र नेतृत्वले ठूलठूला आश्वासन दिएर आन्दोलन त गरे तर न राष्ट्रलाई अघि लगाउन सके न त आम जनताको जीवन नै केही सजिलो पार्न सके । देश उत्तानो परेको साङ्ले कीराजस्तो भयो । जति नै हात-खुट्टा चाले पनि ऊर्जा त खर्च भयो तर देश र जनता जहाँको तहीँ । राजनीतिमा 'जुनै जोगी आए पनि कानै चिरेको' र 'लंकामा सबै रावण' भन्ने प्रचलित उखानहरू छन् । जनता न जोगीका बारेमा कुनै जानकारी लिन्छन् न त लंका पुगेर फर्केका अनि लंका जाँदै नगएकाहरूको पर्यवेक्षण गर्छन् । मौका पायो कि एउटा उखानको थाग्रो आफ्नो वक्तव्यको पछि गाडिदिन्छन् अनि त्यसपछि अरू तर्कको सम्भावना नै बन्द हुने गर्छ । पुरानाहरूले नयाँविरुद्ध यी उखानहरू प्रयोग गर्ने नै हुन् अनि त्यसको सिकार पनि केही मानिसहरू हुने नै हुन् । आम जनताले नयाँ भनिएको जोगीको खरानी कति बाक्लो छ या त कान चिरिएको छ कि छैन भन्ने कुरा आफैंले जाँचेर हेर्नुपर्छ । चुनावमा परिवर्तनले जनतालाई भलै केही दिन नसकोस् तर जनतालाई आफ्नो जागिर सम्झेर हेला गर्नेहरूलाई 'प्रजातन्त्रमा अन्तिम शक्ति भनेको जनता नै हुन् जो स्थायी छन् अनि नेता अस्थायी, यदि जनताले चाहे तथाकथित शक्तिशालीहरूलाई सडकमा झारिदिनसक्छन्' भन्ने आभास मात्र दिलाउन सके पनि चुनावको महत्त्व केही हदसम्म पूरा हुन्छ । जनताले पुनः एकपल्ट आफ्नो क्षमता थाहा पाउनलाई पनि परिवर्तन आवश्यक हुन्छ ।

अचेल 'परिवर्तन' अनि 'विकास' जस्ता शब्दहरू नेताको मुखबाट स्वतः निस्कने थेगोहरू हुन् जसको कुनै अर्थ हुँदैन । वक्तव्यमा क्रान्तिको कुरा पनि टोपीको फुर्का हो जो टाउकोलाई तातो राख्नलाई नभएर वक्तव्य सिँगार्न मात्र प्रयोग गरिन्छ । घिसिङले कोक्रो र गर्भको नानीको भविष्य प्रयोग गरे अनि गुरुङले हराएकी आमाको खोज । परिषद्लाई घिसिङले बाघको बच्चा, डमरु हो अनि बढेर बाघ हुन्छ भने । तर न त डमरु बढेर बाघ भयो न गुरुङले हराएकी आमा नै भेट्टाए । शब्दहरूले अर्थ हराउँदै गएको यो समयमा वक्तव्यकै भरमा कसैलाई विश्वास गर्नु भनेको खाडलमा आफैं हामफाल्नु बराबर हो । वक्तव्यकै भरमा त हर देशमा प्रत्येकपल्ट चुनाव हुँदा यति धेरै राम्रा, इमानदार र जनताप्रति समर्पित मानिस भेटिन्छन् कि आफूमाथि आफ्नै विश्वास हराउँछ । शब्दै त हो, बेइमानलाई इमानदारीको कुरा गर्न केले रोक्नु सक्छ र ? चुनाव भनेको सैतानले पनि धर्मशास्त्र व्याख्या गर्ने उत्सव हो । चुनावको समयमा चेतनामाथि भावना हावी हुने गर्छ । विभिन्न दलका समर्थकहरू पनि धेरजसो दलको पतनको कारण बन्न सक्छन् । भर्खरै मैले नेपाली चुनावकै एक उम्मेदवारलाई तिनका समर्थकहरूले भगवान्को उपाधि दिएको सुनें । अनावश्यक श्रद्धाले मान्छे बिग्रिन्छ । घिसिङलाई पनि 'गोर्खे पिता, महामहिम, पृथ्वीनारायण शाह, गोर्खा टाइगर' आदि विशेषणको भारी बोकाउँदा दार्जिलिङले धेरै भोग्नुपरेको थियो । नेपालको राजनीतिक पृष्ठभूमिमा देखा परेका नेताहरूको पनि धेरै विशेषणको बगैंचामा डुल्ने बानी बसेको खण्डमा तिनीहरूलाई जनताले क्रियाको खेतमा भेट्नेछैनन् । नेपालका जनता यसप्रति पनि सतर्क रहून् । अहिले यी युवा नेताहरू निष्कलंक र निश्छल देखिँदै छन् । गोपालप्रसाद रिमालले विक्रम संवत् २००७ सालको क्रान्तिपछि निराश भएर देखेको आमाको सपना एकचोटि फेरि नेपालका आँखामा होला, हाम्रा आँखामा पनि छ ।

पश्चात्तापमा फेरि त्यही पंक्ति नदोहोरियोस् भन्ने सुझाव अगावै राख्न चाहन्छु- तर त्यो तिमी नै हौला भन्ने मेरो जीवनभरिको सपना थियो ।

भारतको कालेबुङ निवासी छेत्री पश्चिम बंगाल राज्यका पूर्वविधायक हुन् ।सभार इकान्तिपुर

## मधेशको........

आन्दोलन किन छोडियो ? निर्वाचनमा पालैपालो भाग किन लिइयो ? विगतका वार्ताहरू किन असफल भए ? पछिल्लो चुनावको प्रस्ट सन्देश थियो- उपेन्द्र-महन्थले जनकपुरको सत्तालाई प्रभावकारी बनाऊन् र संघीय संसद्मा संविधान संशोधनको राजनीतिलाई फराकिलो पारून्, तर यिनीहरू पथभ्रष्ट भए । स्वभावतः जनताले फरकपनको खोजी गरे ।

मधेश प्रदेशको चुनावी गणित पूरा आइसकेको छैन । जेजति आएको छ, त्यसले मिश्रित परिणाम देखाएको छ; नयाँ-पुरानालाई थोरबहुत अपुंगो चढाएको छ । तर अन्तर्य एउटै छ- मधेशी समाजमा आधारभूत संवैधानिक मुद्दाहरू समाधान नभई द्वन्द्व पनि समाधान हुँदैन भन्ने धारणा सर्वस्वीकार्य भइसकेको छ ।

चुनावमा घोर दक्षिणपन्थी शक्तिहरू सलबलाए । जातिका साथै धर्मलाई चुनावी तुरूप बनाइयो । मधेशका भुइँमान्छेको सरोकारहरूलाई चुनावी मुद्दा बनाइएन बरु जाति र नगदका आधारमा मताकर्षित गरियो । डेढ दशकमा पहिलो पटक उच्च स्वरमा मधेशको नारा सुनिएन ।

यस्तो किन भयो भने, 'जय मधेश' भन्नेहरूसमक्ष प्रश्न बढी तेर्सिन पुग्थ्यो । यस्तो नारा उराल्नेहरूमा यस पटक यसकै छाता ओढेर वा साइकल चलाएर हिँड्न खोजियो भने फसिन्छ भन्ने चेत पलायो ।

राष्ट्रिय दल बन्ने लोभमा उपेन्द्र-महन्थले आफ्नो चाल र चरित्र फेरे, आखिर चुनावी परिणामले यी शक्ति मधेश-आश्रित नै हुन् भन्ने प्रस्ट भयो ।

नेपाली कांग्रेस वा एमाले मधेशमा फर्किएका छन् तर लोकप्रिय भएर होइन । चुनावी राजनीतिको आफ्नै खालको श्यामश्वेत तस्बिर हुन्छ । मधेश आन्दोलनले ल्याएको भावनात्मक उभार फिका भयो । संरक्षण गर्न सक्ने शक्तितिर आम मतदाताले नजर लगाए । सँगै सीके राउतलाई परीक्षणको मौका दिए ।

खेलको मैदानमा उनी आफैं छिरेका छन् । उनी मधेशी भावनाको भरिया बन्लान् कि संस्थापन शक्तिको खेलौना ? राजनीतिको सहर राजविराजबाट एक जना भन्दै थिए, 'एके माघे जाड नै जाइछै' (एक माघले जाडो जाँदैन) ।

प्रभावकारी प्रादेशिक अभ्यासको सवाल चुनावपश्चात्को राजनीतिमा पेचिलो मुद्दा बनेको छ । चुनावपश्चात्को राजनीतिलाई प्रादेशिक अभ्यास विस्तारित गर्दै सीमान्तीकृत जनताको जीवनसँग नजिक पुर्‍याउने माध्यमका रूपमा लिनु वाञ्छनीय हुन्छ ।सभार इकान्तिपुर

## समानुपातिक.....

मत जोडी दलविशेषले पाएको कुल मत संख्या यकिन गर्नुपर्ने हुन्छ । र, निर्वाचन अधिकृतले मत परिणाम विभाजक सूत्रका आधारमा दलले पाउने सिट संख्या निर्धारण गरी आयोगसमक्ष पेस गर्नुपर्नेछ ।

यस्तो सिट संख्या निर्धारण गर्दा दलले पाएको सिट संख्याका आधारमा महिला तथा अन्य समावेशी समूहबाट प्रतिनिधित्व गराउनुपर्ने संख्यासमेत निर्धारण गर्नुपर्नेछ ।

र मतपरिणाम विभाजक सूत्रका आधारमा कोटा निर्धारण गरिनेछ । विज्ञहरूका अनुसार डिहरेन्ट सूत्रबाट ठूला दललाई र सेन्ट लग सूत्रबाट साना दललाई फाइदा पुग्छ ।

फिजीमा खुला सूची समानुपातिक प्रणालीमा सिट बाँडफाँट गर्न डिहरेन्ट सूत्र प्रयोग गरेको पाइन्छ, त्यहाँ राष्ट्रिय पार्टी हुन न्यूनतम ५ प्रतिशतको थ्रेसहोल्ड तोकिएको छ । नेपालमा भने यस्तो थ्रेसहोल्ड ३ प्रतिशत छ ।

प्रत्यक्षतर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा मत खेर जाने, जित्नेले सम्पूर्ण पाउने, मतदातामा नैराश्य आउनेजस्ता अवगुण हन्छन् भन्ने तर्क राख्दै पूर्ण समानुपातिकताको वकालत गर्नेको संख्या धेरै छ ।

राज्यले अपनाएको शासकीय स्वरूप तथा निर्वाचन प्रणाली अनुरूप निर्वाचनका सूत्र तथा मत गणना विधि प्रयोगमा ल्याइएको हुन्छ ।साभार इकान्तिपुर

## पर्सामा............

फोरमबाट करिमा बेगम निर्वाचित हुँदा क्षेत्र नम्बर २, ३ र ४ बाट क्रमश कांग्रेसकै अजय द्विवेदी, सुरेन्द्र चौधरी र रमेश रिजाल निर्वाचित भए ।

२०७० सालमा भएको दोस्रो संविधान सभामा पनि कांग्रेसले २ वटा क्षेत्रमा जित निकाल्यो ।

क्षेत्र नम्बर १ मा राजेन्द्र बहादुर अमात्यले जित्दा क्षेत्र नम्बर ४ बाट सुरेन्द्र चौधरी निर्वाचित भएका थिए ।

क्षेत्र नम्बर २ र ३ मा भने क्रमशः नेकपा एमालेका विचारी प्रसाद यादव र राजकुमार गुप्ताले जिते । त्यतिबेलासम्म पनि पर्सामा कांग्रेस सशक्त पार्टीको रुपमा स्थापित भयो ।

२०७० सम्ममा भर्खरै स्थापना भएका मधेशवादी दलले २०७२ मा संविधान बनीसकेपछि २०७४ मा भएको पहिलो आम निर्वाचनमा भने कांग्रेसको विरासत खोस्दै कब्जा जमायो । चारवटै क्षेत्रमा मधेशवादी दलले जिते ।

पर्सा १, २ र ३ मा तत्कालिन संघीय समाजवादी फोरमबाट क्रमश प्रदीप यादव, बिमल श्रीवास्तव र हरिनारायण रौनियारले जित्दा क्षेत्र नम्बर ४ बाट तत्कालिन राष्ट्रिय जनता पार्टी (राजपा) का लक्ष्मणलाल कर्ण निर्वाचित भए । प्रदेशसभामा पनि कमजोर सावित हुँदै कांग्रेसले जम्मा २ सिट हात पार्न सफल रह्यो ।

पर्साको क्षेत्र नम्बर २ (क) बाट राजेश्वर साह तेली र ४ (क) बाट शंकर चौधरीले कांग्रेसको अस्तित्व जोगाइराखे ।

कांग्रेसले त्यतिबेलादेखि पर्सा जिल्लामा गुमाएको साख २०७९ को प्रदेश तथा प्रतिनिधिसभा निर्वाचनमा फर्काएको छ । यसपटक पर्साको क्षेत्र नम्बर २ र ४ मा भारी मतका साथ कांग्रेसका अजय चौरसिया र रमेश रिजाल निर्वाचित हुँदा ३ वटा प्रदेशसभामा पनि कांग्रेसले जित निकालेको छ ।

क्षेत्र नम्बर २ (क) मा श्याम पटेल, ३ (ख) मा जनार्दन सिंह क्षेत्री र ४ (क) मा शंकर चौधरी कांग्रेसबाट निर्वाचित भएका छन् ।

## मुलुक .....

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि झापा ५ का मतदातालाई धन्यवाद ज्ञापन गर्दै एमाले अध्यक्ष केपी शर्मा ओली ।

झापा ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि बिहीबार दमक आएर मतदातालाई धन्यवाद दिने क्रममा ओलीले निर्वाचन परिणामले सुरुवातदेखि नै दल तथा सांसदहरुको मोलमोलाई सुरु हुने दाबी गरे ।

'निर्वाचनपछि मुलुकमा स्थिर सरकार बन्छ । मुलुकले एउटा दिशा पाउछ भन्ने आशा थियो । तर, त्यसो भएन,' उनले भने,'अहिलेसम्मको परिणामले कुनै पनि दलको बहुमत नपुग्ने भयो ।

यसले निर्वाचनपछिको सरकार बनाउनै मुस्किल हुने अवस्था छ । फेरिपनि सुरुदेखि नै दलहरुको मोलतोल र सांसदहरुको भाउ कसेर किनबेच चल्ने भयो ।'

दलहरुले मतदाताको भावना र चाहनालाई सम्बोधन गर्न नसक्दा केही दल तथा सांसद भाग्यवस संसद्को यात्रा तय गर्न सफल भएको उनले टिप्पणी गरे ।

ओलीले अब बन्ने सरकारले फेरिपनि मुलुक र जनताको लागि काम गर्न नसक्ने दाबी गरे ।

'अब बन्ने सरकारले फेरिपनि जनता र मुलुक विकासको काम गर्न नसक्ने भयो । बहुमतको सरकार नबन्ने भएपछि दलहरु आफ्नो सरकार जोगाउन सांसदको मोलतोल, लेनदेन र भागबन्डामै लाग्दा ठीक्क हुन्छ,' उनले भने । उनले अब सरकार बनाउन र जोगाउन योग्यताभन्दा पनि टाउका हेरेर मोलतोल गर्नुपर्ने अवस्था सिर्जना भएको बताए ।

# राम जानकी विवाह महोत्सव : फूलबारीमा सिया-पिया मिलन



जनकपुर – राम जानकी विवाह महोत्सवको दोस्रो दिन बिहीबार फूलबारी लीला सम्पन्न भएको छ । राम र सीताबीच पहिलो मिलन फूलबारीमै भएको वर्णन बिभिन्न धर्मग्रन्थमा छ । सात दिवसीय विवाह महोत्सवको क्रममा फूलबारी लीला विशेषरुपले मनाउने चलन छ ।

जानकी मन्दिरभन्दा उत्तरमा अवस्थित विवाह मण्डप अगाडिको फूलबारीमा सीता र रामबीच पहिलो मिलन गराइएको थियो । 'सिया-पिया मिलन' नाम दिइएको फूलबारी लीला हेर्न हजारौंको सहभागिता थियो ।महाकवि चन्दा झाले मिथिला भाषा रामायणमा राम-सीताबीचको पहिलो मिलनबारे लेखेका छन् 'सीता रामचन्द्र मुख हेरी, अनिमिष-आँखी निमिष नहिं फेरि ।' अर्थात् सीता र रामको पहिलो मिलन हुँदा अनन्तकालसम्म एकले अरुलाई हेरिरहे । फूल टिप्न फूलबारी गएकी सीता र गुरु विश्वामित्रको पूजा प्रयोजनका लागि सोही फूलबारीमा फूल टिप्न गएका रामको पहिलो मिलन हुँदा जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव, छोटे महन्त रामरोशन दास वैष्णवसँगै उपस्थित श्रद्धालुहरु पुष्प वर्षा गरेर हर्ष बढाइँ गरेका थिए ।

फूलबारीमा रामसीता बीच प्रथम मिलन भइरहँदा मुख्य गायक (व्यास) महेन्द्र दास सुरिलो स्वरमा गाइरहेका थिए- 'लागल जनकपुरमे मेला, देखेला मोरा मनमा करेला ।' दासको यस प्रसङ्गलाई सिया-पिया मिलन समारोहको संज्ञा दिइन्छ । रातो कार्पेटमा आफ्ना सहेलीहरुसँग फूल टिपिरहेकी सीता र अनुज लक्ष्मणसँग फूलबारी घुम्न आएका रामबीच पहिलो मिलन भएको थियो ।

बुधबार नगर दर्शनसँगै प्रारम्भ भएको रामजानकी विवाह महोत्सवको दोस्रो दिन 'फूलबारी लीला' सम्पन्न भएको हो । 'सखी फूल तोडय चलल फूलबरिया, सीताकेसँग सहेलिया' गीतको धुनमा फूलबारी प्रवेश गरेकी सीता र रामबीच पहिलो मिलन हुँदा सीताको पिताको भूमिकामा रहेका जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव भावुक बनेका थिए- 'छोरीको विवाह हुने भएपछि पिता भावुक भई हाल्छ नि…!' महन्थ दासको प्रतिक्रिया थियो । जानकी मन्दिरका महन्थ सीतालाई छोरीको रुपमा माया गर्ने परम्परा छ । राम जानकी विवाह महोत्सवमा जानकी मन्दिरका महन्थ जनकको रुपमा प्रस्तुत हुन्छन् ।

राम, लक्ष्मण, सीता तथा सहेलीहरुको स्वरुपमा सजिएका किशोर-किशोरीहरुले रामायण वर्णित कथा अनुसार अभिनय गरेर विवाह महोत्सवका विधिहरु सम्पन्न गरेका थिए । राम जानकीको विवाह भएको अवसर पारी मंसिर शुक्ल पञ्चमीको दिन सीताको जन्मस्थल जनकपुरधाममा प्रत्येक वर्ष विशेष महोत्सव आयोजन हुँदै आएको छ । मंसिर ७ गतेदेखि सुरु भएको विवाह महोत्सव मंसिर १३ गते रामकलेवासँगै सम्पन्न हुने छ ।

जानकी मन्दिरका छोटे महन्थ रामरोशन दास वैष्णवका अनुसार- साताव्यापी महोत्सवको पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तिलकोत्सव, पाँचौ दिन मटकोर, छैठो दिन विवाह महोत्सव तथा सातौ दिन रामकलेवाको आयोजना हुनेछ। विवाह महोत्सवको अवसरमा साधु सेवा समिति, स्थानीय युवा क्लबहरु, जानकी मन्दिर तथा बृहत्तर जनकपुर क्षेत्र विकास परिषदलगायतले पनि सकृय भूमिका निर्वाह गर्दै आएका छन् ।

# मूल्य बढ्दा र माग घट्दा आयातमा गिरावट



काठमाडौँ – मुलुकभित्र उत्पादित वस्तुको निर्यात नबढे पनि मुलुकको व्यापार घाटा निरन्तर घटेको छ । गत आर्थिक वर्ष ०७८/७९ को पहिलो ४ महिनाको तुलनामा चालु आर्थिक वर्ष ०७९/८० को यही अवधिमा व्यापार घाटा हरेक महिना घटेको भन्सार विभागले जनाएको छ । विभागको तथ्यांकअनुसार आयातसँगै निर्यात प्रतिशत पनि घटेको छ ।

गत आवको पहिलो ४ महिनामा ६ खर्ब ५० अर्ब २९ करोड रुपैयाँको वस्तु आयात भएको थियो । यसपल्ट आयात भएको वस्तुको मूल्य १८.०८ प्रतिशतले घटेर ५ खर्ब ३२ अर्ब ६९ करोड रुपैयाँमा झरेको छ । त्यस्तै, निर्यातमा ३३.३० प्रतिशतले कमी आएको छ । गत आवको साउनदेखि कात्तिकसम्म ८२ अर्ब १२ करोड रुपैयाँ बराबरको वस्तु निर्यात भएकोमा अहिले उक्त आँकडा ५४ अर्ब ७७ करोड रुपैयाँमा सीमित भएको छ । व्यापार घाटा पनि १५.८८ प्रतिशतले घटेको विभागले जनाएको छ । गत आवको पहिलो ४ महिनामा ५ खर्ब ६८ अर्ब १७ करोड रुपैयाँ घाटा रहेकोमा अहिले घटेर ४ खर्ब ७७ अर्ब १९ करोड रुपैयाँ मात्रै छ ।

विभागका महानिर्देशक कमल भट्टराईले घाटा कम हुनुको कारण अन्तर्राष्ट्रिय वस्तुको मागमा कमी र नेपालले केही वस्तुको आयात बन्देज रहेको बताए । 'मुद्रा सञ्चिति बढाउनलाई नै केही वस्तुको आयात बन्देज गरिएको हो, बन्देजले व्यापार घाटा पनि कम भएको छ,' उनले भने, 'सँगसँगै अन्तर्राष्ट्रिय वस्तुको मागमा पनि कमी भएको छ । केही स्वदेशी उत्पादन बढेकाले पनि माग कम भएको छ ।'

तीन महिनाको मात्रै तथ्यांक हेर्दा पनि आयात-निर्यातसँगै व्यापार घाटा पनि घटेको देखिन्छ । गत आवको साउनदेखि असोजसम्म ४ खर्ब ७८ अर्ब ५२ करोड रुपैयाँको वस्तु नेपाल भित्रिएकोमा यो वर्षको सोही अवधिमा ४ खर्ब ९९ करोड रुपैयाँ मात्रै छ । यो १६.२० प्रतिशतले कमी हो । त्यस्तै, निर्यातमा ३५.७१ प्रतिशतले घटेर ४१ अर्ब ८२ करोड रुपैयाँमा कारोबार खुम्चिएको छ । जसअनुसार व्यापार घाटा १३.१३ प्रतिशतले घटेर ३ खर्ब ५९ अर्ब १७ करोड रुपैयाँ पुगेको छ । व्यापार घाटा घट्नु सन्तोषजनक भए पनि निर्यात नबढ्नु सुखद नभएको जानकारहरू बताउँछन् । पछिल्लो ४ महिनाको व्यापारको चित्रणले मुलुक आर्थिक मन्दीतर्फ उन्मुख रहेको उनीहरूको दावी छ ।

'व्यापार घाटा कम हुनुको एउटा कारण आयात बन्द हो, अर्को जनतासँग खरिद गर्न सक्ने क्रयशक्ति नभएर पनि हो । सर्वसाधारणसँग पैसा नहुँदा खपत पनि कम भएको देखिन्छ,' पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझाले भने, 'अर्को आयात-निर्यात घटेर व्यापार घाटा घटेको देखिन्छ । निर्यात नबढी व्यापार घाटा घट्नु आर्थिक गतिविधिमा मन्दी आएको संकेत हो ।'

निर्यातमा मुख्यतः खाने तेलको भूमिका रहन्छ । तेस्रो मुलुकबाट आयात हुने खाने तेलको कच्चा पदार्थलाई प्रशोधन गरेर व्यवसायीहरूले भारत निर्यात गर्दै आएका छन् । रुस र युक्रेनबिचको युद्धले खाने तेलको कच्चा पदार्थको आयातमा प्रभाव परेको छ । जसले गर्दा आयातसँगै निर्यात पनि घटेको छ । 'आयात गरेर पुनः निर्यात गर्नु प्रभावकारी विकल्प होइन, दिगो पनि होइन,' ओझाले भने, 'उत्पादन प्रक्रिया नकारात्मकतर्फ गएको छ । स्वदेशी उत्पादन बढाएरै निर्यात गर्ने हो, अहिले देखिएको मन्दीको उपचार आयात कडाइ गरेको वस्तुलाई खुकुलो बनाउने हो ।'

सरकारले विदेशी मुद्रा सञ्चिति बढाउने नाममा गाडी, मोटरसाइकल, मदिरा र स्मार्ट फोनको आयातमा लगातार प्रतिबन्ध लगाएको छ । प्रतिबन्ध खुलाउन उद्योगी व्यवसायीहरूले निरन्तर दबाब दिए पनि सरकारले ४ वस्तुको आयात प्रतिबन्ध मंसिर २८ सम्मलाई यथावत् राखेको छ । मन्त्रिपरिषद्को निर्णयसँगै असोज २८ मा प्रकाशित राजपत्रमा सबै प्रकारका तयारी मदिरा (औद्योगिक कच्चा पदार्थ), ३ सय अमेरिकी डलरभन्दा बढी मूल्यका स्मार्ट फोन, एम्बुलेन्स र शववाहनबाहेक जिप, कार र भ्यान तथा १५० सीसीमाथिका मोटरसाइकल आयातमा प्रतिबन्ध कायम रहेको उल्लेख छ ।

मुद्रा सञ्चिति घटेपछि सरकारले वैशाख १३ मा राजपत्रमा सूचना प्रकाशित गरी मदिरा, तास, मोबाइल, टीभी, मोटरसाइकल लगायतका १० वस्तुहरूमा आयात बन्देज गर्ने निर्णय गरेको थियो । केही वस्तुको आयात फुकुवा गरे पनि ४ वस्तुको अझै कायम छ । एउटै प्रकृतिका कुनै वस्तुमाथिको आयात फुकुवा र कुनैमाथि कायम प्रतिबन्धले अन्तर्राष्ट्रिय क्षेत्रमा राम्रो सन्देश नगएको जानकारहरूले बताउँदै आएका छन् । आर्थिक मन्दी बढ्दो क्रममा रहेकाले सरकारले बजार चलायमान बनाउनुपर्ने नेपाल उद्योग वाणिज्य महासंघको भनाइ छ । 'मुलुकमा आर्थिक मन्दी छँदै छ, यस्तो अवस्थामा पनि आयात कडाइ गरिएको छ ।

नेपाल राष्ट्र बैंकले पनि आयात निरुत्साहनको नीति लिएको छ,' महासंघ अध्यक्ष शेखर गोल्छाले भने, 'बजारमा तरलता अभाव हुँदा माग खस्किएको छ । एकातर्फ राजस्व संकलन उल्लेख्य छैन भने अर्कोतर्फ मदिरा अवैध रूपमा भित्रिरहेको छ ।

राजस्व नभई देश कसरी अगाडि बढ्छ ?' बजारमा देखिएको समस्या समाधान गर्न आयात नीति खुकुलो बनाई व्यवसायीको मनोबल बढाउनुपर्नेमा उनले जोड दिए । तरलता अभावको समस्या समाधान गर्न राष्ट्र बैंक लचिलो हुनुपर्ने र चालु पुँजीसम्बन्धी निर्देशिकालाई यथावत् राख्नुपर्ने पनि उनले सुझाए ।

# गुप्ता........

प्रतिद्वन्दी जसपा र नेकपा एमाले गठबन्धनका सुरेन्द्र प्रसाद कुर्मीले २२ हजार ४ सय ४५ मत प्राप्त गरेका छन् ।

कुर्मीलाई ६ हजार ६ मतान्तरले पराजित गर्दै चौरसिया विजयी भएका हुन् । यसअघि लगातार २ पटक पराजित रहँदै आएका चौरसियाको यो दोस्रो जित हो । यस क्षेत्रबाट राप्रपाका नरेश कुमार साहले २ हजार ७ सय ४१ मत प्राप्त गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीका दिपराज पटेलले ९ सय ७१ मत ल्याएका छन् ।

**रोचक टक्करका बिच राजकुमारको जित**

रोचक टक्कर रहेको पर्सा निर्वाचन क्षेत्र नम्बर ३ मा झिनो मतान्तरले नेकपा एमालेका राजकुमार गुप्ता निर्वाचित भएका छन् । नेपाली कांग्रेसका सुरेन्द्र प्रसाद चौधरीलाई १ सय ५१ भोटको झिनो मतान्तरले पराजित गर्दै गुप्ता निर्वाचित भएका हुन् । गुप्ताले २४ हजार २ सय ६० मत ल्याएका छन् भने निकटतम प्रतिद्वन्द्वी चौधरीले २४ हजार १ सय ९ मत पाएका छन् ।

मतगणनाको सुरुवातदेखि चौधरीले अग्रता लिएपनि अन्तिम समयमा आएर गुप्ताले मतान्तर घटाउँदै गएका थिए । गुप्ता र चौधरी यसअघि २०७४ मा यसै क्षेत्रबाट तत्कालिन संघीय समाजवादी फोरम नेपालका हरिनारायण रौनियारसँग पराजित भएका थिए। यस पटक जसपा-एमालेले गठबन्धनका कारण पर्सा-३ एमालेको भागमा परेपछि जसपाले प्रदेशसभामा आफ्नो उम्मेदवार लडाएको थियो ।

२०७० सालमा भएको दोस्रो संविधान सभाको निर्वाचनमा पर्सा-३ बाट गुप्ता निर्वाचित हुँदा चौधरी पर्सा-४ बाट निर्वाचित भएका थिए ।

चौथो पटक संसदमा रिजाल

पर्साको क्षेत्र नम्बर ४ मा प्रतिनिधि सभातर्फ नेपाली कांग्रेसका रमेश रिजाल निर्वाचित भएका छन्। नेकपा एमालेका जालिम मियाँ मंसुरीलाई हराउँदै उनले चौथो पटक संसदसम्मको यात्रा तय गरेका हुन् ।

पाँच दलीय गठबन्धनबाट साझा उम्मेदवार बनेका रिजालले मियाँलाई फराकिलो मतान्तरका साथ पराजित गरेका हुन्। रिजालले ३१ हजार १ सय ४२ मत प्राप्त गर्दै मियाँलाई ५ हजार ५ सय २७ मतको ठूलो अन्तरले पराजित गरेका छन्। मियाँले २५ हजार ६ सय १२ मत प्राप्त गरेका छन् ।

नेपाली कांग्रेसको केन्द्रीय सदस्यसमेत रहेका रिजाल २०७४ को आम निर्वाचनमा तत्कालिन राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) का लक्ष्मणलाल कर्णसँग पराजित भएका थिए । राजपाका कर्णले २० हजार ७ सय ३८ मत प्राप्त गर्दा रिजालले १४ हजार ७ सय २ मत मात्र प्राप्त गरेका थिए ।

जसपा र नेकपा एमालेले क्रमश क्षेत्र नम्बर १ र ३ मा जित हाँसिल गर्दा क्षेत्र नमबर २ र ४ मा कांग्रेसले जित निकालेको छ ।

## द्विवेदीले....

**उनले पार्टीबाट विद्रोह गरेर स्वतन्त्र उमेदवारी दिएका थिए । बुधबार सार्वजनिक भएको मतगणनाको अन्तिम परिणाम अनुसार द्विवेदी जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार प्रदीप यादवसँग १ हजार ६२० मतको अन्तरले पराजित भएका थिए । जसपाका उमेदवार यादवले २२ हजार ५३७ मत प्राप्त गर्दा उनले २० हजार ९१७ मत पाएका थिए ।**

**द्विवेदी यसअघि पनि दुई निर्वाचनमा हार व्यहोरी सकेका छन् । २०७४ मा भएको स्थानीय तह निर्वाचनमा उनि वीरगञ्ज महानगरपालिकाको मेयरमा तत्कालिन संघीय समाजवादी फोरम नेपालका विजयकुमार सरावगीसँग पराजित भएका थिए भने २०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनमा नेकपा एमालेका विचारी यादवसँग पराजित भएका थिए ।**

# सुदूरपश्चिममा कृषि बालीको भू क्षेत्र घट्यो



काठमाडौँ – अघिल्लो आर्थिक वर्षको तुलनामा सुदूरपश्चिम प्रदेशमा कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला)ले ढाकेको भू-क्षेत्र घटेको नेपाल राष्ट्र बैंकको आर्थिक गतिविधि अध्ययनले देखाएको छ ।

अघिल्लो वर्ष शून्य दशमलव १८ प्रतिशतले वृद्धि हुँदा गत वर्ष २.९० प्रतिशतले ह्रास आएको हो ।

गत वर्ष खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ३.९३ प्रतिशत र धान बालीले ढाकेको क्षेत्रफल १.३९ प्रतिशतले घटेको हो। कोदो, फापर, आलु, भटमासको क्षेत्रफल क्रमशः १९.७० प्रतिशत, १२.८४ प्रतिशत, १.४५ प्रतिशत र ४.१० प्रतिशतले बढेको राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको आर्थिक वर्ष ०७८/७९ मा सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययनमा छ ।

सबैभन्दा धेरै दलहन २७.८४ प्रतिशत र र तेलहनको क्षेत्रफल १७.८२ प्रतिशतले ह्रास आएको उक्त अध्ययनमा छ । तरकारीले ढाकेको क्षेत्रफल गत वर्ष ३.४५ प्रतिशतले वृद्धि हुँदा यस वर्ष ७.३८ प्रतिशतले वृद्धि भएको छ । फलफूल तथा मसलाले ढाकेको क्षेत्रफल ७.६५ प्रतिशतले वृद्धि भएको छ ।

सुदूरपश्चिम अन्तर्गत बाजुरा, बझाङ, दार्चुला, डडेलधुरा, डोटी जिल्लामा खाद्य तथा अन्न बालीको उत्पादनमा वृद्धि हुँदा अन्य जिल्लाहरुमा उत्पादन घटेको हो । सबैभन्दा बढी बाजुरा जिल्लामा ३१.३७ प्रतिशतले उत्पादन वृद्धि हुँदा कैलाली जिल्लामा २५.६६ प्रतिशतले घटेको छ ।

# ११ अंकले बढ्यो नेप्से



काठमाडौँ – साता कारोबारको अन्तिम दिन बिहीबार सेयर बजारको परिसूचक नेप्से ११.५६ अंक बढेको छ ।

सो अंकको वृद्धिपछि नेप्से १९३३ अंकमा कायम भएको छ । कारोबार रकम भने ९२ करोड ५१ लाखमा खुम्चिएको छ ।

बुधबार १ अर्ब २ करोडको कारोबार भएको थियो ।

बैंकिङ ५, विकास बैंक ३७, फाइनान्स १८, होटल २, जलविद्युत् ११, जीवन बीमा २७, उत्पादन ६०, माइक्रोफाइनान्स २७, अन्य २४ र व्यापार उपसमूह २३ अंक बढे ।

निर्जीवन बीमा भने ३ अंक घट्यो। घलेम्दी हाइड्रो र आरएमडीसी लघुवित्तको मूल्य ६ प्रतिशत बढ्यो ।

कारोबार रकमका आधारमा भने साइन रेसुंगा विकास बैंक, हिमालयन डिस्टिलरी, एनआईसी एसिया बैंक, नेस्डो लघुवित्त र नबिल बैंक क्रमशः अगाडि रहे ।